# भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति

२०७९

एकिकृत विकास समाज, अमरगढी ५ वागवजार,डडेल्धुरा

INTEGRATED DEVELOPMENT SOCIETY

2060

IDeS

Dadeldhura, Nepal

विषय सुची

१ प्रस्तावना........................................................................................................ 3

२ भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता अवस्था विश्लेषण : ........................................................ 3

३. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीतिको  उद्देश्य : ........................................................ 5

३ भ्रष्टाचारविरूद्ध शून्यस हनशीलता को अर्थ :.................................................................. 5

४ भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति :....................................................................... 5

५ भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीतिको विश्लेण र जोखीम पहिचान ........................................ 7

६ भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति कार्यानवयन :........................................................ 9

पृष्ठभूमि

एकिकृत विकास समाज एक सामाजिक संस्था हो । शिक्षा, महिला सशक्तिकरण, जिविकोपार्जन तथा रोजगार र पुनर्स्थापना लगायतका हक अधिकारका क्षेत्रमा गर्ने उद्धेश्यले २०६० माघ १ गते डडेल्धुरा जिल्ला प्रशासन कार्यालयमा दर्ता भई निरन्तर क्रियाशिल सामाजिक संस्था हो । हाल यस संस्थाले सुदुर पीश्चम प्रदेसको डडेल्धुरा र वैतिडि जिल्लाका दलित, हलिया, एकलम महिला वालवालिका तथा सिमान्तकृत वर्गहरुको सामाजीक तथा आर्थिक विकासको क्षेत्रमा काम गर्दे आई रहेको छ । सिमान्तकृत वर्गहरुको वालवालिकाको उच्च शिक्षामा पहुच अभिवृद्धिका लागि स्थानीय तहमा छलफल कार्यक्रम समेत संचालन गर्दे आई रहेको छ ।

समुदायमा केही यस्ता मानिस छन् जो कडा परिश्रम गर्छन तर उनिहरुप्रति गर्ने व्यवहार सम्मान जनक छैन । उनिहरुको  मानव अधिकार हनन भैरहेको छ  पहुँचमा भएका व्यक्तिहरुले मात्र सम्पुर्ण स्रोतलाई उपयोग गरिरहेको छन् । यसर्थ भुमिहीन, हलिया, दलित, मुक्तकमैया, गरिव, विपन्न तथा सिमान्तकृत समुदायको अधिकारमा समानता तथा न्यायका लागि सम्वन्धीत निकाय जवाफदेही हुन सकेको छैन । एकिकृत विकास समाजले उनीहरुको मानव अधिकार सुनिस्चीत गर्न विभिन्न दातृनिकाय संगको साझेदारीमा कार्यक्रम संचालन गर्दे आई रहेको छ ।

संस्थाको लागि प्रशासनिक नियमावली महत्वपूर्ण अंग हुनुको साथै यसले संस्थाको कार्यक्षमता तथा दक्षतामा विशेष योगदान पुऱ्याउने र संस्थाको दैनिक कृयाकलाप तथा कार्यक्रमहरु सुचारु ढंगवाट संचालन गर्न तथा आशातित उपलब्धि प्राप्त गर्नमा समेत अहम भूमिका निर्वाह गर्ने भएकोले एकिकृत विकास समाज मार्फत अझ वढी जागरुकताका साथ काम गर्न तथा यस संस्थाको कमी कमजोरीलाई पहिचान गरी यस्ता तत्वहरुलाई हटाई एक आदर्श संस्थाको रुपमा परिमार्जित गर्न संस्थाले कार्यसमितीको अधिकार प्रयोग गरी संस्थाको प्रशासनिक तथा आर्थिक व्यवस्थापन पक्षहरुलाई अझ वढी प्रभावकारी एवं पारदर्शी रुपमा संचालन गर्ने उद्देश्य अनुरुप यो नियमावली तयार गरीएको छ । यो नियमावली साधारण सभाले अनुमोदन गरेको दिनदेखि पूर्णरुपले कार्यान्वयन गरिने छ र सोही मिती देखि त्यस भन्दा पहिलेका आर्थिक तथा प्रशासनिक व्यवस्थापनसंग सम्वन्धित सवै प्रावधानहरु स्वत : परिमार्जन भै यसै अनुसार संचालन भएको मानिने छ ।

यो नियमावलीलाई कार्यान्वयन गराउने सम्पूर्ण जिम्मा एकिकृत विकास समाजको कार्यसमितिमा निहित रहनेछ र लागू गर्दा कुनै पनि विवाद वा कठिनाई आइ परेमा सो को अन्तिम निर्णय दिने अधिकार संस्थाको कार्यसमितिमा रहने छ । यस नियमावलीलाई आवश्यक परेमा कार्यसमिती को निर्णय अनुसार संसोधन/परिमार्जन समेत गर्न सकिनेछ ।

## २. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता अवस्था विश्लेषण :

विश्वमा भ्रष्टाचार वढ्दै गएको छ । नेपाल पनि यसवाट अछुतो छैन । ट्रान्सपरेन्सी इन्टरनेशनलको वार्षिक प्रतिवेदन २०१७ ले विश्वका १८० मुलुकमध्ये नेपाल १२२ औं स्थानमा परेको तथ्य सार्वजनिक



CamScanner

गरेको छ । यो अवस्था सन् २०१२ देखिकै निरन्तरता हो, यसमा कुनै सुधार आएको छैन । वरू अवस्था झन् खस्किदै गएको तथ्य विभिन्न प्रतिवेदनले सार्वजनिक गर्दै आएका छन् ।

नेपालको भ्रष्टाचार निवारण ऐन, २०५९ ले "घुस लिने, विनामूल्य कम मूल्यमा वस्तु वा सेवा लिने, दान, दातव्य, उपहार वा चन्दा लिने, कमिसन लिने, राजश्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने, गलत लिखत तयार गर्ने, अनुवाद गर्ने, झुट्टा विवरण दिने, सरकारी कागजात सच्याउने, नोक्सान गर्ने, गलत प्रतिवेदन दिने, गैरकानुनी सम्पत्ति आर्जन गर्ने, नपाएको ओहदा पाएँ भन्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षणको परिणाम फेरबदल गर्ने, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गर्ने, गैरकानुनी दवाव दिने, गैरकानुनी व्यापार व्यवसाय गर्ने" जस्ता विषयलाई भ्रष्टाचारको कसुरअर्न्तगत राखेको छ । समग्रमा सार्वजनिक सम्पत्ति व्यक्तिगत फाइदाका अनुचित रुपमा लागि प्रयोग गर्नुलाई नै भ्रष्टाचार मानिएको छ ।

भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने सबभन्दा सामान्य नागरिकले दुःख पाउँछन्, मुलुक गरीवीको चपेटामा पर्छ, समाजमा द्वन्द्व बढ्छ, राजनीतिक अस्थिरता बढछ जान्छ, अन्तमा असफल राष्ट्रमा परिणत हुने सम्भावना हुन्छ । त्यसैले अहिले भ्रष्टाचार कुनै राष्ट्रको मात्रै समस्या नभई विश्व कै समस्या वनेकाले संयुक्त राष्ट्र संघले सन् २००५ मा "भ्रष्टाचारविरूद्धको महासन्धि" पारित गरेर लागु गरेको छ । नेपाल पनि सन् २०१२ मा नै सो सन्धिको पक्ष राष्ट्र भैसकेको छ ।

अहिले नेपाल संघीयता कार्यान्वयनको महत्वपूर्ण चरणमा प्रवेश गरेको छ । एउटा राजनीतिक व्यवस्थावाट फरक अभ्यासमा जाँदा कानुनी तथा संरचनागत जटिलता एकपछि अर्को थपिदै गएका छन् । निर्वाचन महगीएको छ । साथै अहिले वेरूजु वढेर पाँच खर्व रूपैयाँ नाघेको छ । राज्यले उठाउनुपर्ने वक्यौता अरवौं रूपैया पुगेको छ । नागरिकहरू आर्थिक अनुशासनहीनता वढेर गएको गुनासो गर्न थालेका छन् । उपभोक्ता समितिमा जनप्रतिनिधिहरु संलग्न हुनेगरेकाले आर्थिक अपचलन वढेको गुनासो नागरिक गर्दछन् । संक्रमणकालमा भ्रष्टाचार अनियन्त्रित हुने सम्भावना तीव्र हुन्छ । त्यसैले यस्तो अवस्थामा संघ, प्रदेश र स्थानीय तहले भ्रष्टाचारविरूद्धको लडाइँमा सक्रियता देखाउनुपर्दछ ।

संघीय संरचनाअनुसार ७५३ वटै पालिकामा नयाँ जनप्रतिनिधि निर्वाचित भएर आफ्नो जिम्मेवारी सम्हाली रहनु भएको छ । निर्वाचित प्रतिनिधिमा आफूले निर्वाचनका दौरानमा गरेका प्रतिवद्धताअनुसार विकास कसरी गर्ने भन्ने उच्च हौशला देखिएको छ । त्यसैले स्थानीय तहको नेतृत्वमा देखिएको विकास गर्ने "हुट्हुटी" र "उत्साह" मा जनताको तर्फवाट पनि साथ र सहयोग हुनुपर्दछ सथै यस संस्थाले पनि स्थानिय सरकार, प्रदेस सरकार र संघीय सरकालाई विकासको लागी हालेमालो गर्ने उद्देश्यले सरकाले वनाईएका नीति नियमावलीको अक्षरअंश प्रयोग भए नभएको सुनिश्चीत गर्ने र हामीले पनि उक्त सरकारले बनाएको नीति नियमावली र संस्थाले निमार्ण गरेका भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति अक्षरअंश पालना गर्ने भएका छौ ।

भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति नअपनाई भ्रष्टाचार घटाउन सकिन्न । किनभने भ्रष्टाचार कानुनी व्यवस्थाको ठाडो उल्लंघन र अनैतिक व्यवहार हो । भ्रष्टाचार कुनैपनि कसौटीमा क्षम्य हुन सक्दैन । त्यसैले भ्रष्टाचार सवैको साझा चासो र चिन्ताको विषय वनेको छ । भ्रष्टाचार विरूद्धको लडाई मुलुक एक्लैले मात्रै लड्न नसक्ने भएकाले संयुक्त राष्ट्र संघले भ्रष्टाचारविरूद्ध अन्तर्राष्ट्रिय महासन्धि नै पारित गरेको हो भन्ने कुरा हेक्का राख्नुपर्दछ ।

अहिले नेपालमा भ्रष्टाचारविरूद्ध खवरदारी गर्ने डेढ दर्जनभन्दा वढी निकायहरू पनि स्थापना भएका छन् । त्यसैले स्थानीय तहवाट हुने हरेक कियाकलापमा भ्रष्टाचार सम्वन्धी विद्यमान कानुन आकर्षित

हुने भएकाले सबै सचेत हुनुपर्छ । मुलुकमा दण्डहीनता बढ्दै गएकाले भ्रष्टाचार नियन्त्रणमा आउन नसकेकोमा हामी आम नागरिकलाई चिन्तित बनाएको छ ।

२. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीतिको उद्देश्य :

- संस्थाले निमाण गरेको भ्रष्टाचार नियन्त्रणका लागि बनेका कानुनहरुको अक्षरश: पालना गर्ने ।
- संस्थाका सम्पुर्ण कर्मचारीहरु, साधारण सदस्य, कार्यसमितिहरु लाई संस्थाको कानुनी प्रवधान बारे जानकारी गरि लागु गर्ने ।
- संस्थाका सम्पुर्ण कार्यक्रमहरु तथा बजेट लाई स्वस्फुर्त रुपमा प्रकासित गरि जानकारी दिने ।
- संस्थाले तय गरेका कार्यक्रमहरु लाई पुर्व योजना तर्जुमा बिना कार्यन्यन नगर्ने ।
- संस्थामा कार्यरत कर्मचारीहरुको तलब तथा सुवीधा सम्वन्धी व्यक्तिको व्यक्तिगत खातामा जम्मा गर्ने ।
- संस्थाको सम्पुर्ण भौतिक सम्पतिहरुको बार्षिक प्रतिवेदन सार्वजनीकरण गर्ने ।
- संस्थाको पद पुर्ति समितीमा कुनै व्यक्तिको नाता पर्ने व्यक्ति योग्य भर्ना हुने अवस्था भएको नाता नपर्ने व्यक्तिलाई पद पुर्ति समितिमा मनोनय गर्ने ।
- संस्थाले कुनै एक व्यवसायी बाट एक वर्ष भन्दा बढि आपुर्ति नगर्ने ।
- संस्थाको विकासे कार्यक्रममा ठेक्कापट्टा सम्वन्धी निर्णय पारदर्शी ढङ्गबाट निरुपण गर्ने ।
- संस्थाको सेवाप्रवाहमा विद्युतीय प्रविधिको व्यवस्था अपनाउन ।
- भ्रष्टाचारविरूद्ध शून्य सहनशीलतालाई व्यवहारमा लागु गर्न ।
- संस्थाको प्रशासनिक क्रियाकलापमा पारदर्शिता बढाउन ।
- भ्रष्टाचारविरूद्धको अभियानलाई प्रभावकारी बनाउन नागरिक संस्थाहरूसँग हातेमालो गर्न ।
- राजनीतिक तथा प्रशासनिक नेतृत्वले "म भ्रष्टाचार गर्दिन, भ्रष्टाचार गर्न दिन्न" भनेर सार्वजनिक प्रतिवद्धता जनाउन पहल गर्ने ।

३. भ्रष्टाचार विरूद्ध शून्यसहनशीलता को अर्थ :

घुस लिने, विनामूल्य कम मूल्यमा वस्तु वा सेवा लिने, दान, दातव्य, उपहार वा चन्दा लिने, कमिसन लिने, राजश्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने, गलत लिखत तयार गर्ने, अनुवाद गर्ने, झुट्टा विवरण दिने, सरकारी कागजात सच्याउने, नोक्सान गर्ने, गलत प्रतिवेदन दिने, गैरकानुनी सम्पत्ति आर्जन गर्ने, नपाएको ओहदा पाएँ भन्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षणको परिणाम फेरबदल गर्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी दवाव दिने, गैरकानुनी व्यापार व्यवसाय गर्ने क्षेत्रको अवस्थाको बुझाई र विश्लेषण गरि नकारात्मक प्रभाव हटाउन र सकारात्मक प्रभावलाई बढाउन

४. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति :

**१. सस्थाको उच्च ओहेहदाको काम बापत कानूनूनी पारिश्रमिक बाहेकेक अरु रिसवत लिएमा हुने दण्ड सजाय:**



CamScanner

संस्थामा भएको कुनै व्यक्तिले आफ्नो ओहदाको वा सो सम्वन्धी कुनै काम गर्न वा गरिदिए वापत वा नगर्न वा नगरी दिए वापत वा आफ्नो ओहदाको वा सो सम्वन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराई दिए वापत वा नगर्न वा नगरी दिए वापत आफ्नै वा अरु कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिक वाहेक अरु घुस कसैवाट लिएमा वा लिन मञ्जुर गरेमा वा लिने प्रयन्त गरेमा निजलाई संस्थाले असुल उपर गरि क्षेति पुर्तिको लागी सिफारि गर्ने छ वा कसूरको मात्रा अनुसार नेपाल सरकारले उल्लेख गरेका नीति नीयमावली अनुसार हुने छ ।

**२.दुरुत्साहन गर्नेलेलाई दण्ड सजाय:**

कुनै कसूर गर्न दुरुत्साहन दिने व्यक्तिलाई सो दुरुत्साहन दिएवाट कसूर भएको वा नभएको जे भए तापनि कसूरको मात्रा अनुसार निज पदाधिकारी भए सोही कसूरको निमित्त तोकिएको सजाय र पदाधिकारी नभए त्यसको आधा सजाय हुनेछ जो सजाए नेपाल सरकारको कानुनमा उल्लेख गरे अनुसार हुने छ ।

**३.कामकाजसँग सम्वन्ध भएको व्यक्तिसँगँ विना मोलेल वा कम्ती मोलेलमा कुनै माल वस्तु लिने राष्ट्रसेवकलाई दण्ड सजाय:**

कुनै पदाधिकारीले आफ्नो ओहदाको वा सोसम्वन्धी आफूले गरेको वा गर्न लागेको कुनै काम कारवाहीमा सरोकार भएको वा हुने सम्भावना भएको वा आफ्नो कार्यालयको कामसँग सम्वन्ध भएको व्यक्ति भन्ने जानी जानी त्यस्तो व्यक्तिवाट आफ्नै निमित्त वा अरु कसैको निमित्त संस्थाको अनुमति नलिई विना मोलमा कुनै माल वस्तु, पुरस्कार, वा भेटी, वा वकस, दान दातव्य, कोसेली उपहार, वा सहायताको रुपमा, वा जानी जानी कम मोलमा लिएमा वा लिन मञ्जुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई नेपाल सरकारको कानुनले तोकेवोमोजिम कसूरको मात्र सजाय हुनेछ र त्यस्तो मालवस्तु लिइसकेको भए सो जफत भई संस्थाको कोषमा दाखिला गरिनेछ । तर त्यसरी विना मोलमा पुरस्कार वा भेटी वा वकस वा सहायताको रुपमा कुनै माल वस्तु पाउने व्यक्तिले सकभर चाँडै त्यसको सूचना संस्थालाई दिएमा निजले यस दफाअन्तर्गत कसूर गरेको मानिने छैन ।

**४.गैर कानूनूनी लाभ वा हानी पुऱ्याउने बदनियतले राष्ट्रसेवकले काम गरेमा दण्ड सजाय:**

संस्थाको सेवामा रहेको कुनै कर्मचारीले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने वदनियतले, कुनै व्यक्तिलाई गैर कानूनी हानी पुऱ्याउने वदनियतले संस्थाले जारि गरेको कानून जानी जानी पालन नगरेमा वा संस्था सँग गरेको शपथ वा शर्त, वा कवूलियत, सम्झौता जानी जानी पालन नगरेमा, वा संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेमा वा ती लेखिएमध्ये कुनै काम कुरा गर्ने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा अनुसार नेपाल सरकारले तोकिएको सजाय हुनेछ ।

**५. गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै व्यक्तिले काम गरेमा दण्ड सजाय:**

संस्थाको कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने वदनियतले अन्य कुनै स्वामित्व भएको कुनै संगठित संस्था वा त्यस्तो संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको कुनै संगठित संस्थासँग गरेको शपथ, कवुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, पर्मिट, प्रतिज्ञापत्र वा डिलरसिपको शर्त जानी जानी पालन नगरेमा वा त्यस्तो संगठित संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त जानी जानी उल्लंघन हुने गरी अन्य प्रचलित कानूनद्वारा निषेधित तवरवाट व्यवसाय गरेमा



CamScanner

वा सरकारी वा त्यस्तो संगठित संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेमा वा त्यस्तो कुनै कार्य गर्न प्रयत्न गरेमा वा मद्दत गरेमा नेपाल सरकारले तोकिए बमोजिमको सजाय हुनेछ।

**६. संस्थाकाको गोपेपनीयता भङ्ग गरेमेमा दण्ड सजायः**

संस्थाको पदपूर्ति समितिले वा अन्य संगठित संस्थाद्वारा सञ्चालन गरिने परीक्षाको गोप्य प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकार प्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै कर्मचारीले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुर्‍याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा वा सो गर्न लगाएमा सो गर्ने गराउने नेपाल सरकारको कानुनमा तोकेको सजाय हुनेछ।

**७. गैर कानूननी खरिद बिक्री व्यापार गर्ने पदाधिकारी लाई दण्ड सजायः**

सस्थामा आवद्ध पदाधिकारीले गैर कानूननीले संस्थामा चाहिने भन्दा बढि खरिद बिकि गरेमा वा लगातार रुपमा तिन बर्ष सम्म एउटै बिक्रेता बाट समान गरिद बिक्री गरीरहेको अवस्थामा वा कर्मचारीले आफ्नै वा अरुको नामबाट वा साझेदारीमा व्यापार गरेको वा लिलाममा बढाबढ गरेमा वा कुनै फर्म वा कम्पनीको हिस्सेदार भएमा वा संस्थालाई पूर्व सूचना नदिई आफ्नो वा आफ्नो आश्रितको भोग वा बसोबासको निमित्त चाहिनेभन्दा बढी कुनै अचल सम्पत्ति खरिद गरेमा निजलाई कसूरको मात्रा नेपाल सरकारले तोकेको जरिवाना हुने छ

**८. आफ्नो जिम्मा रहेकेको सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्ने वा मास्नेलेलाई दण्ड सजायः**

कुनै संस्थाको पदाधिकारीले आफ्नो ओहदाको वा सो सम्बन्धी कुरा गर्दा राष्ट्रिय वा सार्वजनिक सम्पत्ति वा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको सरकारको वा संस्थाको चल अचल सम्पत्ति लापरबाही वा बदनियत वा जालसाजी गरी हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा वा त्यस्तो गर्ने गराउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गरेमा, मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल गरिनेछ

**९. गैर कानूनूनी दबाब दिने व्यक्तिलाई दण्ड सजायः**

ज्यान मार्ने वा सम्पत्ति हरण गर्ने वा इज्जतमा धक्का पुर्‍याउने डर वा त्रास वा अरु किसिमको गैर कानूनी दवाबबाट कुनै व्यक्तिले कुनै कर्मचारी लाई यो ऐन अन्तर्गत सजाय हुने कसूर गर्न लगाएमा लगाउने प्रयत्न गरेमा निजलाई कसूरको मात्रा नेपाल सरकारको कानुन अनुसार संस्थाले सजायको लागी सिफारिस गर्ने छ

## ५. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीतिको विश्लेण र जोखीम पहिचान

नेपालमा भ्रष्टाचारको सघनता र व्याप्तता मापनका लागि पर्याप्त तथ्यांकहरू उपलब्ध हुनसक्ने अवस्था छैन। उपलब्ध तथ्यांक पनि पूर्ण छैनन् र ती अद्यावधिक पनि छैनन्। विश्व सन्दर्भमा हेर्ने हो भने भ्रष्टाचारसंग सम्बन्धित धेरै किसिमका तथ्यांकको उपलब्धता रहेको छ। नेपालमा भ्रष्टाचारको स्थिति र यसको प्रवृत्तिको विश्लेषण गर्ने सन्दर्भमा मूलतः २ किसिमका सूचकहरू: ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा प्रकाशन हुने भ्रष्टाचार अनुभूति सूचक र विश्व बैंकद्वारा प्रकाशन हुने भ्रष्टाचार नियन्त्रण सूचकको उपयोग गरिएको छ। सन् २०१३ को भ्रष्टाचार अनुभूति सूचकलाई छोडेर हेर्ने हो भने अन्य वर्षहरुमा

CamScanner

दुवै सूचकहरूमा भ्रष्टाचारको अनुभूति सूचकको आधारमा नेपालको अवस्था खस्कदै गएको पाइन्छ। नेपालसँग सम्वन्धित भ्रष्टाचार अनुभूति सूचक सम्बन्धी तथ्यांक सन् २००४ देखि प्राप्त छ। नेपालले त्यसबेलादेखि सन् २०१३ बाहेक अन्य वर्षहरूमा ३ भन्दा कम अंक प्राप्त गरेको छ। ट्रान्स्परेन्सी इन्टरनेशनलका अनुसार ३ अंकभन्दा कम अंक प्राप्त गर्ने राष्ट्रलाई भ्रष्टाचारले व्याप्त मुलुकको रूपमा चित्रित गरेको छ। भ्रष्टाचार नियन्त्रण सूचक सम्वन्धी भने सन् १९९६ देखि हालको अवधि सम्मको तथ्यांक उपलब्ध छ।

सन् २००२ र २००३ मा भ्रष्टाचार नियन्त्रण सूचकमा केही सकारात्मक सुधारका संकेतहरू देखिएका थिए। यसको प्रमुख कारण सन् २००२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सक्रियताका कारण यो सम्भव भएको हो भन्ने अनुमान गर्न सकिन्छ। भ्रष्टाचार सम्वन्धी अन्य तथ्यांकको स्रोतको रूपमा टान्स्परेन्सी इन्टरनेशनलले प्रकाशनमा ल्याउने ग्लोवल करप्सन व्यारोमिटरबाट पनि भ्रष्टाचार सम्वन्धी तथ्यांकहरू प्राप्त गर्न सकिन्छ। भ्रष्टाचार अनुभूति सूचकमा नागरिकहरूसँग भ्रष्टाचारको विषयमा अभिमत लिए जस्तै ग्लोवल करप्सन व्यारोमिटरमा पनि दैनिक जीवनसँग सम्वन्धित विषयमा सामान्य नागरिकहरूका अनुभूति, अनुभव र विचारहरूलाई सूचक मापनको आधारको रूपमा लिने गरिन्छ। हालसम्म नेपाल सन् २०११ र २०१३ मा गरी दुईपटक ग्लोवल करप्सनल व्यारोमिटरमा समावेश भएको छ। सन् २०११ मा भएको सर्वेक्षण अनुसार करिव ६२.८ प्रतिशत जनताले नेपालमा भ्रष्टाचार वढ्दै गइरहेको जनाएका थिए। यो वढेर सन् २०१३ मा ७२ प्रतिशत पुग्यो। ग्लोवल करप्सन व्यारोमिटरको आधारमा नेपालमा राजनीतिक दलहरूमा सवैभन्दा वढी भ्रष्टाचार रहेको देखाएको छ जस अनुसार ९० प्रतिशत मानिसहरूले राजनीतिक दलहरू वढी भ्रष्ट भएको अभिमत दिएका थिए। त्यसपछि क्रमशः सार्वजनिक निकाय र पदाधिकारीहरू (८५ प्रतिशत), प्रहरी (८० प्रतिशत), संसद (७९ प्रतिशत) रहेको तथ्यांकले देखाएको छ। नागरिकहरूले सार्वजनिक वस्तु र सेवा प्राप्त गर्ने क्रममा अनुभूत गरेका अन्य भ्रष्टाचार हुने स्थानहरूमा राजस्व, मालपोत, न्यायिक क्षेत्र तथा कर प्रशासन सचालन गर्ने निकायहरू रहेकाछन् प्रत्यक्ष रूपमा भ्रष्टाचारको आयतन र परिमाणको मापन गर्ने विधिका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि

विद्यमान नीतिगत र संरचनागत संरचनाहरूको उपलब्धताको आधारमा पनि यसको मापन गर्न सकिन्छ। यी विभिन्न सूचकहरू मध्ये विश्व सदाचार सूचक (Global Integrity Index) एक सूचक हो। विश्व सदाचार सूचकको सन्दर्भमा नेपालको सन् २००६ देखि २००९ सम्मका तथ्यांक उपलब्ध छन्। सन् २००६ को तथ्यांकको आधारमा नेपालमा वढी भ्रष्टाचार हुने कारण सदाचार सूचक न्यून रहेको राष्ट्रको रुपमा देखिन्छ यसपछि नेपालको स्थितिमा केही सुधार भएको देखिए पनि यसमा निरन्तरता दिन नसकेको कारण सदाचार सूचकमा कमजोर राष्ट्रको रूपमा नै रहेको देखिन्छ। नेपालको सन्दर्भमा भ्रष्टाचार कुनै नयाँ समस्या नभएर यो ऐतिहासिक कालदेखि नै समस्याको रूपमा रहेको देखिन्छ। नेपालमा ऐतिहासिक कालखण्डदेखि नै विभिन्न शासनकालमा भ्रष्टाचारको परिमाण, स्वरूप, गहनता तथा सघनतामा परिवर्तनहरू देखिएका छन्। राणा शासन काल (सन् १८४७- १९५१) मा भ्रष्टाचार सामान्यतः केही सीमित वर्गमा भने व्याप्त रूपमा रहेको तर यसलाई उजागर गर्न सकिने अवस्था थिएन भने राजाद्वारा निर्देशित पञ्चायत काल (सन् १९६०-१९९०) मा यो वितरणमुखी रहेको पाइन्छ। अर्थात राज्यको स्रोत साधनको गलत तरिकाले प्रयोग गरी पञ्चायतको विपक्षमा रहेका जनताहरूलाई आफ्नो पक्षमा पार्ने तथा आफू पक्षीय जनतालाई रिझाउन राष्ट्रको स्रोत साधनको अत्यधिक दोहन गर्ने प्रवृत्ति पञ्चायत कालमा थियो। बहुदलीय संसदीय व्यवस्थाको शुरुवात (सन् १९९०-२००६) सँगै भ्रष्टाचार पनि विकेन्द्रित भएको पाइएको छ। यस आधारमा भन्ने हो भने राजाको शासन काल (सन् १९६०-१९९०) को अवधिमा राजनीतिक स्थायित्व भए पनि यस अवधिमा भ्रष्टाचार वढ्न अझ सहज

भएको पाइन्छ । अर्कोतर्फ वहुदलीय संसदीय प्रणाली (सन् १९९०-२००६) मा देखिएको राजनीतिक अस्थिरतासँगै भ्रष्टाचारले मौलाउने अझ बढी अवसर पायो । हालको लम्बिंदो संक्रमणकालीन अवस्थामा अनियमितता र भ्रष्टाचार अझ बढेको पाइएको छ । नेपालमा हरेक समय राजनीतिक परिवर्तनसँगै शासनका पात्रहरू परिवर्तन हुँदै जाँदा भ्रष्टाचार पुरानो पुस्तावाट नयाँ पुस्तामा सर्दै गएको पाइन्छ । विगत एक दशक भन्दा लामो अवधिको आन्तरिक द्वन्द्व र लम्बिंदो संक्रमणकालले मुलुकको शासकीय क्षमता कमजोर हुंदा दण्डहीनता बढ्नुका साथै अनियमितता र भ्रष्टाचारले झन् मौलाउने अवसर पाएको देखिन्छ ।

यसरी नेपालमा विगतमा भएका विभिन्न भ्रष्टाचारहरु अध्ययन गर्दा मुक्त कमलरी विकास मञ्चलाई महसुस भएर संस्थाले पनि भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीतिको आवश्कता ठानी यस संस्थाले पनि भ्रष्टाचारहरु हुन वाट वचाउनको लागी संस्थाले तपसिलमा भएका वुधाहरुलाई अध्ययन गरि जोखिमको पहिचान गर्ने छ ।

- संस्थाले तय परियको वजेटको सदुपयोग के कस्ता अवस्था छ सोको पहिचान गर्ने ।
- संस्थाले तय पारिएका विधि, लगानी र निर्णय प्रकियाले सरोकारवालाहरुलाई पार्ने प्रभाव हरुको पहिचान वा लेखाजोखा गर्ने
- सम्पुर्ण कारोवार बैङ्क प्राणी वाट हुने गरेको छ की छैन्
- संस्थाले तय गरेको वजेट लाभग्राहिलाई जानकारी दिएको छ की छैन्
- वजेटको पारदर्शिता कस्तो छ ।
- कार्य योजना अनुसार कर्य भएको छ की छैन
- कार्य सर्त अनुसार कार्य गर्ने गरेको छ की छैन
- प्रविधीकहरुको प्रयोग भएको छ की छैन

६. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति कार्यानवयन :

- यो नीति एकिकृत विकास समाजका कार्यसमिति पदाधिकारी, कर्मचारी तथा स्वमसेवकहरु मा लागू हुने छ  र सरोकारवालाहरुलाई यो निति लागु गर्नका लागी प्रोत्साहीत गर्ने छ ।
- एकिकृत विकास समाजले कर्मचारी र पदाधिकारीहरुको भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति  समन्धी क्षमता अभिवृद्धी गर्ने छ ।
- यो नीति शान्ति र सदभाव निर्माणका लागी सस्थाका पदाधिकारी र कर्मचारी मिलेर संगै काम गर्ने छन ।
- संस्थाले भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता नीति  को विश्लेषण निरन्तररुपमा गर्ने छ  र संस्था द्धारा सन्चालन गरिएका परियोजना र किकयाकलापहरु लाई पारेको असरको मुल्यांकन र नियमित अनुगमन गर्ने छ ।


CamScanner

- संस्थामा आवद्ध कुनै व्यक्तिले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति विपरित काम गरेमा वा गरेको भेटिएमा संस्थाले नीति को मर्म अनुसार कानुनी कार्वहीको व्यवस्थापन लागी सिफारिस गर्ने छ ।



CamScanner